# प्रतिलिपि अधिकारको परिचय

# तथा

# अधिकारयुक्त सामग्रीको

# सिर्जना र प्रयोगसम्बन्धी

# सामान्य जानकारी


नेपाल सरकार
सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय
**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय**
कालिकास्थान, काठमाडौं

फोन नं. ४४३११५५, ४४४३७५०
फ्याक्स नं. ४४३११४४
पोष्ट बक्स नं. ४३०

**Email: info@nepalcopyright.gov.np**
**URL: www.nepalcopyright.gov.np**

**प्रतिलिपि अधिकार भनेको के हो ?**

साहित्य, कला, ज्ञानविज्ञान, सूचनाप्रविधि तथा अन्य क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले सिर्जना गरिएका रचना तथा ध्वनिअङ्कन, प्रस्तुति र प्रसारणजस्ता क्षेत्रमा स्रष्टालाई कानुनद्वारा प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ । रचनाको उत्पादन, पुनरुत्पादन, सर्वसाधारणमा प्रसार, अनुकरण, संयोजन, अनुवाद, परिमार्जन तथा संशोधन गर्न पाउने स्रष्टाको समुच्च अधिकार (Bundle of Rights) नै प्रतिलिपि अधिकार हो । बौद्धिक सम्पत्तिको मुख्य अंशका रूपमा रहेको प्रतिलिपि अधिकार (Copyright) लाई विश्वव्यापी संरक्षण दिने प्रयास भइरहेको छ ।

**कस्ता सिर्जनाहरूको प्रतिलिपि अधिकार संरक्षण हुन्छ ?**

साहित्यिक, साङ्गीतिक, कलात्मक नक्सा तथा प्राविधिक चित्र, फोटोग्राफी, चलचित्र, कम्प्युटर प्रोग्राम, मल्टिमिडिया उत्पादनजस्ता सिर्जनामा स्रष्टाको प्रतिलिपि अधिकार संरक्षण हुन्छ । यसअन्तर्गत साहित्यिक रचना (उपन्यास, कथा, कविता, नाटक, निबन्ध आदि), सङ्गीत तथा वाद्यवादन, खाका चित्रण, ललितकला, कालिगडी र निर्माण डिजाइनजस्ता कलालगायतका सिर्जनाहरू पर्दछन् ।

कम्प्युटर सफ्टवेयर निर्माता, वेभसाइट सर्जक, मल्टिमिडिया व्यावसायी, विज्ञापन एजेन्सीहरू, रेडियो स्टेसनहरू, प्रकाशनगृहहरू र टेलिभिजन च्यानलहरूले प्रतिलिपि अधिकारयुक्त वस्तुको नियमित रूपमा सिर्जना र उपयोग एवं प्रसारणको कार्य गर्दछन् । त्यस्ता अधिकारयुक्त सामग्रीहरूका साथै कम्पनीका विज्ञापनहरू, कार्यविधिसम्बन्धी जानकारीमूलक रचनाहरू पनि संरक्षित हुन्छन् । प्रतिलिपि अधिकार संरक्षण हुन सिर्जनाको शब्दावली/लेखन, साङ्गीतिक नोट एवं कम्प्युटर कोडिङ, डिजाइन, पेन्टिङ आदि कुनै माध्यमबाट प्रस्तुत गरिएको हुनुपर्दछ ।

**प्रतिलिपि अधिकारको संरक्षण किन गरिन्छ ?**

स्रष्टा/साधकहरूको असीमित कल्पना, गहन सोचाइ र निरन्तरको बौद्धिक प्रयासबाट मात्र सिर्जनाको उत्पत्ति हुन्छ । स्रष्टाहरूलाई उनीहरूका सिर्जनामाथिको आर्थिक र नैतिक अधिकारको सुनिश्चितता प्रदान गरी उनीहरूको सिर्जनशीलता र मानवीय क्षमतालाई प्रोत्साहन र प्रेरणा दिँदा समाजको आर्थिक तथा सामाजिक विकासमा मद्दत पुग्दछ । लेखक, कलाकार, नाटककार, सङ्गीतकार, वास्तुकलाविद्, चलचित्र निर्माता, ध्वनिअङ्कन उत्पादक, कम्प्युटर सफ्टवेयर निर्माता, फोटोग्राफरजस्ता बौद्धिक सम्पत्तिको सिर्जनामा लागेका व्यक्तिहरूको प्रयासलाई प्रतिलिपि अधिकारका माध्यमबाट संरक्षण प्रदान गर्दा उनीहरूलाई निरन्तर सिर्जनशीलतामा अग्रसर भइरहन उत्प्रेरणा प्राप्त हुन्छ । यसबाट कला, संस्कृति र ज्ञानविज्ञानका विविध क्षेत्रमा नयाँ-नयाँ आविष्कार हुने वातावरण बन्छ । सिर्जनाले उचित स्थान र मूल्य पाउँदा सिर्जनाकर्मीको जीवनस्तर उच्च बन्न सक्छ । फलस्वरूप सामाजिक, आर्थिक, नैतिक, व्यावसायिक, सांस्कृतिक लगायत समग्र क्षेत्रको विकास भई राष्ट्रको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुग्न जान्छ ।

**प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार (Copyright & Related Rights) बीच के सम्बन्ध छ ?**

साहित्यिक, साङ्गीतिक, वैज्ञानिक एवं कलात्मक रचनाका लेखक अथवा स्रष्टा नै आफ्ना सिर्जनाका पहिला अधिकारधनी हुन् । साहित्यिक तथा नाट्यरचनामा लेखक, साङ्गीतिक रचनामा कम्पोजर, कम्प्युटरसम्बन्धी रचनामा कम्प्युटर सफ्टवेयर निर्माता, फिल्ममा उत्पादक र फोटोजन्य रचनामा फोटोग्राफर नै ती सिर्जनाका पहिला रचयिता र अधिकारधनी हुन् । यस्ता अधिकारधनीले आफ्नो

सिर्जनामाथिको आर्थिक र नैतिक अधिकार उपयोग गर्न पाउने प्रत्याभूति कानुनले प्रदान गरेको छ, जसलाई प्रतिलिपि अधिकारका नामले चिनिन्छ । बौद्धिक सिर्जनाको उत्पादन, अङ्कन र विच्छेदनजस्ता कार्यमा प्रत्यक्ष रूपले संलग्न रही सिर्जनालाई जनसाधारणसमक्ष पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अधिकारधनीलाई तत्सम्बन्धी अधिकार (Related Rights) प्राप्त हुन्छ । यसलाई Neighbouring Rights पनि भनिन्छ । यस्तो अधिकार प्रस्तोता, ध्वनिअङ्कन उत्पादक र प्रसारण संस्थालाई प्राप्त हुन्छ ।

**कसलाई कस्तो अधिकारबाट संरक्षण गरिन्छ ?**

साहित्यिक, साङ्गीतिक, कलात्मक तथा वैज्ञानिक विधाका स्वदेशी तथा विदेशी स्रष्टाहरूका सिर्जनालाई समान संरक्षण गरिन्छ । सिर्जनाका मूल रचयिता/स्रष्टालाई आर्थिक र नैतिक अधिकार प्राप्त हुन्छ । आर्थिक अधिकारअन्तर्गत आफ्नो सिर्जनाको पुनरुत्पादन गर्ने, अनुवाद गर्ने, संयोजन गर्ने, रूपान्तरण गर्ने, विक्रीवितरण गर्ने, भाडामा दिने, प्रतिलिपि आयात गर्ने, सार्वजनिक प्रदर्शन गर्ने, प्रसारण गर्ने, सार्वजनिक सञ्चार गर्नेजस्ता अधिकारहरू पर्दछन् । त्यस्तै नैतिक अधिकारअन्तर्गत रचनामा आफ्नो वास्तविक वा छद्म नाम राख्ने, रचनालाई बङ्ग्याई वा तोडमोड गरी विकृत रूपमा प्रस्तुत हुनबाट रोक्ने तथा आवश्यक संशोधन वा परिमार्जन गर्न पाउने अधिकार पर्दछन् । वाचन, वादन, गायन, नृत्य, अभिनय वा अन्य प्रकारले प्रस्तुत हुने प्रस्तोतालाई आफ्नो प्रस्तुतिमा नाम उल्लेख गर्ने तथा आफ्नो प्रस्तुतिको सम्मानलाई बचाइराख्नका लागि प्रस्तुतिको तोडमोड गर्ने, खण्डित गर्ने वा बिरूप बनाउने कार्यलाई रोक्नेजस्ता नैतिक अधिकार रहन्छ । त्यसैगरी प्रस्तोतालाई आफ्नो प्रस्तुतिलाई प्रसारण वा सञ्चार गरी जनसमक्ष पुऱ्याउने, प्रस्तुत गर्ने तरिका वा माध्यमको निर्धारण गर्ने, पुनरुत्पादन गर्ने, प्रस्तुतिको विक्री वा हस्तान्तरण गर्ने वा प्रतिलिपि भाडामा दिने, प्रस्तुतिको परिमार्जन गर्नेजस्ता आर्थिक अधिकार (Property Rights) प्राप्त हुन्छ ।

ध्वनिअङ्कन उत्पादकलाई उत्पादनमा आफ्नो चिह्न राख्न पाउने नैतिक अधिकार हुन्छ । उसलाई ध्वनिअङ्कनको पुनरुत्पादन गर्ने, प्रतिलिपि आयात गर्ने, विक्री सर्वसुलभ बनाउने, भाडा वा सापटीमा दिनेजस्ता आर्थिक अधिकार पनि प्राप्त हुन्छ । प्रसारण संस्थाहरूलाई आफ्नो प्रसारणको पुनः प्रसारण गर्ने, सर्वसाधारणमा सञ्चार गर्ने, प्रसारणको समायोजन गर्ने, समायोजनको पुनरुत्पादन गर्ने, प्रतिलिपि अधिकारधनीको नैतिक र आर्थिक अधिकारमा प्रतिकूल असर नपुग्ने गरी पत्रपत्रिकामा प्रकाशित सामग्रीको प्रसारण गर्ने तथा शैक्षिक प्रयोजनका लागि अन्य प्रसारण गर्ने अधिकार हुन्छ ।

रचयिता वा स्रष्टालाई आफ्ना सिर्जनामा देहायबमोजिमको अवधिका लागि संरक्षण प्राप्त हुन्छ :

- रचयिताको आर्थिक र नैतिक अधिकार निजको जीवनभर र मृत्युभएको पचास वर्षसम्म,
- संयुक्त रचनाका सम्बन्धमा सबैभन्दा पछि मृत्यु हुने रचयिताको मृत्यु भएको मितिबाट पचास वर्षसम्म,
- कुनै संस्थाबाट प्रकाशित रचना प्रकाशनपछिको पचास वर्षसम्म,
- व्यावहारिक कला र फोटोजन्य रचना तयार भएको मितिबाट पच्चीस वर्षसम्म,
- ध्वनिअङ्कन रचना प्रकाशन भएको वर्षबाट पचास वर्षसम्म,
- प्रस्तुतिको हकमा सो भएको वा ध्वनिअङ्कनमा समायोजन भएको वर्षबाट पचास वर्षसम्म र
- प्रसारण संस्थाको हकमा उक्त प्रसारण सुरु भएको पचास वर्षसम्म ।

**कस्ता कार्यलाई प्रतिलिपि अधिकारको उल्लङ्घन मानिन्छ ?**

- प्रतिलिपि अधिकारधनीको मन्जुरी वा सम्झौताविपरीत आफ्नो हक नपुग्ने रचना वा ध्वनिअङ्कनको उत्पादन गर्ने, विक्रीवितरण गर्ने, भाडामा दिने वा नक्कल गरी प्रचारप्रसार गर्ने कार्य,
- अर्काको रचनाको भाषा वा स्वरूप परिवर्तन गरी आर्थिक लाभ उठाउने वा त्यस्ता सामग्री आयात गर्ने कार्य,
- विज्ञापन वा अन्य कुनै माध्यमबाट पाठक, दर्शक वा श्रोतालाई अर्कै रचना हो भन्ने भान पार्ने कुनै कुरा निर्माण गरी फाइदा उठाउने कार्य,
- अनधिकृत पुनरुत्पादन गर्न सहयोग गर्ने कार्य र
- साङ्केतिक भाषाका गोप्य कार्यक्रम हेर्न मद्दत गर्ने उपकरण आयात तथा उत्पादन गरी विक्रीवितरण गर्ने कार्य ।

**अधिकारको उल्लङ्घन गर्दा हुने सजाय**

- कसुरको मात्राअनुसार कम्तीमा रु. दश हजारदेखि एक लाखसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै । सोही कसुर दोस्रोपटक गरेमा रु. बीस हजारदेखि दुई लाखसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्छ र प्रयोग गरिएका सामग्रीहरू जफत हुन्छन् ।
- प्रतिलिपि अधिकारधनीलाई परेको हानीनोक्सानीको क्षतिपूर्ति उल्लङ्घन गर्ने व्यक्तिबाट भराइदिनुपर्छ ।

प्रतिलिपि अधिकार उल्लङ्घनको घटना वा मुद्दामा नेपाल सरकार वादी हुन्छ । सोको अनुसन्धान एवं तहकिकात कम्तीमा प्रहरी निरीक्षकबाट हुनुपर्छ भने मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुन्छ ।

**प्रतिलिपि अधिकारको उल्लङ्घन भएमा कहाँ र कसरी सम्पर्क गर्ने ?**

प्रतिलिपि अधिकार उल्लङ्घन भएमा त्यस्तो अधिकारधनीले आफूलाई परेको मर्काका सम्बन्धमा नेपाल प्रहरीमा जाहेरी गरी सरकारी वकिलमार्फत जिल्ला अदालतमा मुद्दा दायर हुने प्रावधान प्रतिलिपि अधिकार ऐन, २०५९ मा रहेको छ । यस्तो अधिकार उल्लङ्घन भएमा सो थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी दिनु पर्छ । तर कुनै अधिकारधनीको अधिकार उल्लङ्घन भएको सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा निवेदन पर्न आएमा सरोकारवालाहरूलाई आपसी समझदारीमा ल्याई समस्या समाधानको पहल गर्ने कार्य कार्यालयले गर्ने गरेको छ ।

**प्रतिलिपि अधिकारको संरक्षण स्वदेश र विदेशमा कसरी हुन्छ ?**

प्रतिलिपि अधिकारलगायतका बौद्धिक सम्पत्तिहरूको विश्वव्यापी संरक्षण र उपयोगका लागि काम गर्न संयुक्त राष्ट्र सङ्घको विशिष्टीकृत निकायका रूपमा स्थापना भएको विश्व बौद्धिक सम्पत्ति सङ्गठन (WIPO) ले सदस्य राष्ट्रहरूमा प्रतिलिपि अधिकारसम्बन्धी कानुनको तर्जुमा एवं संस्थागत, जनशक्ति तथा उद्यमशीलताको विकासमा सहयोग पुऱ्याउँदै आएको छ । WIPO, WTO, UNESCO, ILO लगायतका अन्तर्राष्ट्रिय सङ्गठनहरूद्वारा नियमन एवं सञ्चालन भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धिसम्झौता र महासन्धिहरूले स्थापित गरेका सिद्धान्त र मार्गदर्शनबमोजिम विभिन्न

देशका राष्ट्रिय कानुनले व्यवस्था गरेअनुसार प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको संरक्षण स्वदेश तथा विदेशमा हुन्छ । स्रष्टाहरूले आफ्नो सहभागितामा स्थापना गरेका CMO (Collective Management Organization) हरूले सिर्जनाको स्वदेशभित्र प्रयोगबापतको रकम निश्चित मापदण्ड बमोजिम सङ्कलन गरी वितरण गर्दछन् भने विदेशी CMO अर्थात Collecting Society सित सम्झौता गरी आफ्नो देशका स्रष्टाहरूको सिर्जना विदेशमा सार्वजनिक प्रयोग भएमा सोबापतको रकम उनीहरूमार्फत प्राप्त गरी वितरण गर्दछन् । त्यस्तै स्वदेशमा प्रयोग भएका विदेशी सिर्जनाको रकम सङ्कलन गरी विदेशी CMO/Collecting Society मार्फत सम्बन्धित स्रष्टासमक्ष पुऱ्याउने काम गर्दछन् । यस्ता संस्थाले स्रष्टाका पक्षमा सिर्जनाको प्रयोगको अनुगमन, लाइसेन्स प्रदान, रोयल्टी सङ्कलन र वितरण गर्ने काम गर्दछन् ।

**प्रतिलिपि अधिकारका क्षेत्रमा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध कस्तो छ ?**

नेपाल सन् १९९७ मा विश्व बौद्धिक सम्पत्ति सङ्गठन र सन् २००४ अप्रिल २३ मा विश्व व्यापार सङ्गठनको सदस्य भइसकेको छ । साहित्यिक तथा कलात्मक रचनाको विश्वव्यापी संरक्षणका लागि जनवरी ११, २००६ देखि नेपाल बर्न महासन्धि (Berne Convention) को पक्ष भइसकेको छ । प्रस्तोता, ध्वनिअङ्कन उत्पादक र प्रसारण संस्थाको अधिकार संरक्षण गर्ने रोम महासन्धिको पक्ष हुने सम्बन्धमा आवश्यक अध्ययन भइरहेको छ । इन्टरनेट र डिजिटल प्रविधिको विकाससँगै प्रतिलिपि अधिकारका क्षेत्रमा विकसित भएका नयाँ-नयाँ समस्याहरू समाधान गर्न बनेका WCT र WPPT जस्ता अन्तर्राष्ट्रिय सन्धिहरूको अध्ययन गरी उपयुक्त देखिएका त्यस्ता सन्धिमा सहभागिता जनाउने कार्य क्रमैसँग अगाडि बढाउने नीति रहेको छ ।

**प्रतिलिपि अधिकारको प्रभावकारी संरक्षणका लागि के गर्नुपर्छ ?**

- प्रतिलिपि अधिकारयुक्त वस्तुको उत्पादन, पुनरुत्पादन, व्यापार-व्यवसाय गर्दा अधिकारधनीसँग लिखित सम्झौता गर्नुपर्दछ ।
- अधिकारधनीको सहमतिबिना वा सम्झौता विपरित हुने गरी स्वदेशी तथा विदेशी कुनै पनि रचनाको व्यापारिक वा सार्वजनिक तवरले प्रयोग गर्नु गराउनु हुँदैन ।
- पर्याप्त जनचेतनाद्वारा प्रयोगकर्तालाई सक्कली र मौलिक सिर्जनाको प्रयोग गर्न प्रोत्साहन गर्नु पर्छ ।
- प्रतिलिपि अधिकार उल्लंघन भएमा प्रहरी तथा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा मौखिक/लिखित जानकारी गराई उल्लंघनकर्तालाई कानून बमोजिम कारवाही गर्नुपर्छ ।
- अधिकारधनीहरूले आफ्नो सिर्जनाको प्रयोग गर्ने अधिकार हस्तान्तरण गरिसकेको अवस्थामा सम्झौताका सर्तहरू पूर्ण पालना गरी नैतिक र व्यावसायिक इमानदारी कायम राख्नुपर्दछ ।
- आफ्नो रचना, प्रस्तुति, ध्वनिअङ्कन र प्रसारण नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता गराउनुपर्छ । यसरी दर्ता गराउँदा सिर्जनासँग सम्बद्ध सबै पक्षसँग लिखित सम्झौता गरी संलग्न सबैको सहमति लिनुपर्दछ । यस्ता रचना/सिर्जना नयाँ र मौलिक ठहरेमा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले दर्ता गरी प्रमाणपत्र प्रदान गर्ने गर्दछ ।

**सिर्जनाका अधिकारधनी र अधिकार प्रयोगको अनुमति :**

साहित्यिक तथा कलात्मक सिर्जनाको पहिलो अधिकारधनी लेखक हो । त्यस्तो साहित्यिक तथा नाट्य रचनामा लेखक, साङ्गीतिक रचनामा कम्पोजर (सङ्गीतकार), चलचित्रजन्य रचनामा

उत्पादक, फोटोग्राफीमा फोटोग्राफर र कम्प्युटर प्रोग्राममा कम्प्युटर प्रोग्रामर वा संस्थालाई Authorship प्राप्त हुन्छ । साङ्गीतिक ध्वनिअङ्कनमा गीतकार, सङ्गीतकार (कम्पोजर), गायकगायिका र ध्वनिअङ्कन उत्पादकजस्ता विभिन्न अधिकारधनीका धेरै प्रकारका अधिकार समेटिने हुनाले प्रत्येक अधिकारधनीबाट अनुमति प्राप्त गर्नुपर्ने हुन्छ ।

प्रतिलिपि अधिकारयुक्त बौद्धिक सिर्जनालाई स्तरीय, बहुउपयोगी र सर्वसुलभ बनाउन विभिन्न पक्षबाट भएको योगदानबाट नै यसको प्रयोगको स्वरूपमा विविधता र व्यापकता आएको छ । प्रतिलिपि अधिकार संरक्षण हुने सामग्रीहरूको प्रकाशन/उत्पादन, निर्माण वितरण, सञ्चार तथा प्रसारणजस्ता कार्य सो सम्बद्ध विभिन्न व्यक्ति, संस्था वा निकायबाट गराउनु पर्ने हुन्छ । यस्ता कामबाट आफ्नो सिर्जनालाई व्यापारिकता प्रदान गरी राम्रो प्रतिफल प्राप्त गर्न सर्जकहरूले आफ्ना रचनाउपरको आर्थिक अधिकार अरू व्यक्ति वा संस्थालाई प्रदान गर्दछन् । त्यसबापत सर्जकहरूले प्राप्त गर्ने प्रतिफल रचनाको वास्तविक प्रयोगका आधारमा हुन्छ । यसलाई लेखकस्व (Royalty) का रूपमा चिनिन्छ । अरूको प्रतिलिपि अधिकारजन्य बौद्धिक सिर्जनाको प्रयोग गरी अर्कै प्रकारको बौद्धिक सम्पत्तिको सिर्जना गर्दा वा बौद्धिक सिर्जनाको काममा खट्दा लिखित सम्झौताका आधारमा अधिकार प्रयोगको अनुमति प्राप्त गर्नुपर्दछ ।

**एकलौटी अधिकार र त्यसको प्रयोग :**

प्रतिलिपि अधिकारबाट संरक्षित साहित्यिक तथा कलात्मक रचनाका वास्तविक सर्जकलाई आफ्नो रचनाको प्रयोग गर्ने अथवा सर्तबमोजिम प्रयोगको अनुमति दिने वा प्रयोगमा प्रतिबन्ध लगाउने अथवा प्रतिबन्ध लगाउन अनुमति दिन सक्ने एकलौटी अधिकार हुन्छ । एकलौटी अधिकार (Exclusive Rights) प्राप्त गर्ने सर्जकले निम्नबमोजिम आफ्नो रचनालाई प्रयोग गर्न सक्दछ :

- मुद्रण गरी प्रकाशन गर्न अथवा ध्वनिअङ्कनलगायतका सिर्जनाको पुनरुत्पादन गर्न,
- विक्री गर्ने अथवा छुन सकिने (Tangible) प्रतिहरूको हस्तान्तरण हुने किसिमले सर्वसाधारणमा वितरण गर्न,
- कम्प्युटर प्रोग्राम, ध्वनिअङ्कनलगायतका सिर्जनाका प्रतिहरू भाडामा दिन,
- नाट्य वा साङ्गीतिक रचनाका रूपमा तयार भएका सिर्जनालगायतका प्रतिलिपि अधिकारयुक्त सामग्रीको सार्वजनिक प्रस्तुति गर्न,
- कम्प्याक्ट डिस्क (CD), क्यासेट अथवा भिडियो टेपका रूपमा ध्वनिअङ्कन गर्न,
- रेडियो, केबल अथवा स्याटेलाइटका माध्यमबाट प्रसारण गर्न र
- अन्य भाषामा अनुवाद गर्न तथा Adaptation (उपन्यासलाई फिल्माङ्कन गर्नेजस्ता काम) गर्न ।

यसरी रचनालाई उपयोगी, स्तरीय र सर्वसुलभ बनाउन व्यावसायिक कला, आर्थिक लगानी र थप बौद्धिक सिर्जनशीलताको प्रयोग गर्नुपर्ने भएकाले प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारसित सम्बन्धित सबै पक्षसँग सबै किसिमका अधिकारको प्रयोग र हस्तान्तरणका सम्बन्धमा लिखित सम्झौता गरिनुपर्दछ ।

**ध्यान दिनुपर्ने महत्त्वपूर्ण कुराहरू :**

- कम्प्युटर सफ्टवेयर, फोनोग्राम र श्रव्यदृश्य (Audio Visual) रचनाको अनुमतिबिनाको प्रयोग रोक्न encryptions, conditional access system जस्ता safeguard का प्राविधिक उपाय अपनाउन सकिन्छ ।
- टेलिभिजन विज्ञापनमा कसैको गीत वा धुन प्रयोग गर्दा, कसैको तस्बिर (Photo) प्रयोग गर्दा, CD र DVD बिक्रीवितरण गर्दा, कम्प्युटरमा कुनै Software प्रयोग गर्दा वा कम्प्युटर खरिद गर्दा त्यसमा प्रयोग गरिने Software का अधिकारधनी तथा प्रयोगकर्ताको अधिकारका बारेमा निधो गर्नुपर्दछ । प्रयोग गर्ने अनुमतिका लागि सम्झौता (Licening agreement) गर्नुपर्दछ ।
- प्रतिलिपि अधिकारमा सम्झौताका विषयले अत्यन्त महत्त्व राख्ने हुँदा सम्झौता गर्दा Copyright हुने कुन-कुन अधिकारको प्रयोग कसले गर्ने, हक हस्तान्तरण हुने सिर्जनामा सुधार र रूपान्तरण गर्ने अधिकार कसलाई हुने एवं भुक्तानीका प्रक्रियालगायतका विषय स्पष्ट हुनुपर्दछ ।
- कसैसँग मिलेर नयाँ सिर्जना गर्दा काम सुरु नहुँदै प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको स्वामित्व कोसँग रहने भन्नेबारे स्पष्ट भई सम्झौता गरिनुपर्दछ । काम सुरु भएपछि अधिकारको सिर्जना भइसक्दछ ।
- ध्वनिअङ्कन उत्पादक (Phonogram Producer) ले आफ्नो Phonogram रेकर्ड गरिएको क्यासेट (CD) मा निम्नलिखित कुराहरू खुलाउनु आवश्यक हुन्छ । यसले गर्दा ध्वनिअङ्कनको अधिकारका विषयमा विवाद आउँदैन र सबै पक्षका अधिकारको प्रयोग गर्ने अनुमति लिनुपर्ने दायित्व कसमा छ भनी छुट्ट्याउन सकिन्छ :
    - अङ्ग्रेजी वर्णको क्यापिटल अक्षर P लाई सर्किलले घेरेर (p) लेख्ने,
    - एकलौटी अधिकारधनी (Exclusive right owner) को नाम उल्लेख गर्ने र
    - ध्वनिअङ्कनको पहिलोपटक प्रकाशन भएको मिति लेख्ने ।
- गीत-रचना तयार गर्दा र ध्वनिअङ्कन गरी क्यासेट निकाल्दा कम्तीमा पनि गीतकार, सङ्गीतकार (कम्पोजर) सँग लिखित सम्झौता हुनुपर्दछ । संयुक्त प्रयासबाट बन्ने यस्तो बौद्धिक सम्पत्ति गायकगायिका, वाद्यवादक आदि सबै पक्षको लिखित सहमति लिई तयार भएको हुनुपर्दछ ।
- रचना (Work) को वितरण गर्ने अधिकारमा आफ्नो रचनालाई Internet का माध्यमबाट वितरण गर्ने र अनधिकृत उत्पादन हुन नदिन प्राविधिक माध्यम अपनाई रोक्न सक्ने अधिकार पनि रचनाकारलाई हुन्छ ।
- Website मा रहेका प्रतिलिपि अधिकारयुक्त बौद्धिक सामग्रीहरू व्यापारिक प्रयोजनका निमित्त पुनरुत्पादन गर्दा अधिकारधनीको Authorization चाहिन्छ ।
- कम्पनीले आफ्ना कर्मचारी, सल्लाहकार, कन्सल्टेन्ट तथा Independent Creator का सहायताले बौद्धिक सिर्जना तयार गर्दा लिखित सम्झौता र सर्तबमोजिम काममा लगाउनुपर्दछ । त्यस्तोमा कम्पनीको प्रतिलिपि अधिकार रहन्छ । तर रचनामा संशोधन तथा परिमार्जन गर्ने नैतिक अधिकार Creator मा रहने हुनाले Creation को Commercial र Industrial value का आधारमा Equitable remunaration (समन्यायिक पारिश्रमिक) तय गरी सिर्जनाको परिमार्जन र थप अनुसन्धानका सम्भावनाहरूलाई सम्झौतामा स्पष्ट उल्लेख गर्नु राम्रो हुन्छ ।

- कम्पनी-कामदार, कम्पनी-कम्पनी तथा व्यक्ति-व्यक्तिबीचको सम्झौताका आधारमा कम्प्युटर सफ्टवेयरजस्ता बौद्धिक सिर्जना गर्दा त्यसमा संलग्न पक्ष भोलिको प्रतिस्पर्धीसमेत हुन सक्ने हुनाले सम्झौताको सर्तनिर्धारण गर्दा आवश्यक देखिन सक्ने गोपनीयताका बुँदाहरू कुनै पक्षले भङ्ग गरेमा क्षतिपूर्ति दिने र विवाद भएमा विवादबाट निकास पाउने उपायहरू उल्लेख गरिनुपर्दछ ।
- बौद्धिक सम्पत्तिको सिर्जना गर्ने प्रकाशनगृह, समूह वा कम्पनीले आफ्नो जनशक्ति तथा कन्सल्टेन्टलाई काम लगाउँदाका आन्तरिक नीतिनियम तथा मार्गदर्शन पुस्तिकामा Terms and Condition, Invention को Category, सिर्जनाको स्वामित्व, परिचालन र गोपनीयताका प्रावधानहरूसमेत उल्लेख हुनुपर्दछ ।
- बौद्धिक सम्पत्तिको सिर्जनामा धेरै व्यक्ति र पक्षको संलग्नता रही विभिन्न अधिकारहरू सिर्जना हुने हुँदा अधिकारधनीको हितको प्रतिकूल नहुने गरी प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार हस्तान्तरण गर्नपट्टि ध्यान दिनुपर्दछ । व्यावसायिक कुशलता र व्यापारिक कलाका आधारमा स्तरीय एवं उपभोक्ताको रुचिबमोजिमका सामग्री उचित मूल्यमा सर्वसुलभ तवरले उपलब्ध गराउन सकेमा सर्जक, व्यवसायी र उपभोक्ता लाभान्वित हुन गई Knowledge र Culture मा आधारित उद्योगहरूको विकास र विस्तार हुन सक्छ । यसबाट देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने हुँदा प्रतिलिपि अधिकारलाई कठोर बनाई रचनाकारले आफूमा आर्थिक अधिकार सीमित राख्नुभन्दा अधिकार प्रयोगको अनुमति दिई व्यावसायिक रूप दिने प्रक्रियालाई तीव्र बनाउनुपर्दछ ।
- सिर्जनाकार (Author) को आर्थिक अधिकार (Economic Right) लाई नैतिक अधिकार (Moral Right) बाट अलग गर्न नसकिने अवस्था हुन सक्दछ । त्यस्तो अवस्थामा तेस्रो पक्षबाट हुन सक्ने गैरकानुनी प्रकाशन तथा गतिविधि रोक्न सम्झौताका माध्यमबाट अधिकार दिइनुपर्दछ । यसो गर्दा मूल सर्जक (Exclusive Right भएको व्यक्ति) सँग भएको सम्झौताका सर्तका आधारमा प्रकाशकले अधिकार प्रयोग गर्न सक्दछ ।
- फोटोग्राफर, चित्रकार, पुस्तक लेखक, डिजाइनरलगायतका स्रष्टाबाट प्रकाशकले सम्झौताका माध्यमबाट अधिकार लिँदा योजनाबद्ध व्यापारिक प्रकाशनका लागि आवश्यक पर्ने सबै अधिकार प्राप्त गर्नुपर्दछ । यसमा व्यापारिक फाइदा हुने गरी आवश्यक सङ्ख्या र डिजाइनमा स्तरीय व्यापारिक प्रकाशन गर्ने, पुनरुत्पादन गर्ने, प्रकाशनलाई विस्तार गर्ने, अरूलाई पुनरुत्पादन वा सार्वजनिक सञ्चार गर्न दिने, अनुवाद गराउने अधिकार लिने, अनुवादको भाषा निश्चित गर्नेजस्ता कुराहरू पर्न सक्दछन् । यसो गर्दा स्रष्टा, प्रकाशक र सर्वसाधारण उपभोक्ता सबैलाई फाइदा पुग्न सक्छ । यस्ता कामबाट व्यावसायिकता र व्यापारिकताको समेत विकास हुन्छ ।
- हरेक प्रकारका Literary & Artistic रचनाको पुनरुत्पादनका माध्यम अपनाउँदा Mechanical Reproduction Right को प्रयोग गर्न सकिन्छ । यसमा Musical Reproduction Rights प्रयोग गरी Musical Works लाई Sound Recording मा पुनरुत्पादन गर्ने ध्वनि अङ्कनसम्बन्धी विषय पर्दछन् । यस्तो अधिकार Author बाट सम्झौताका माध्यमबाट लिन सकिन्छ ।
- कुनै पनि रचनालाई ग्रन्थको सार डाइजेस्टका रूपमा निकाल्ने, कार्टुनका माध्यमबाट प्रचारप्रसार गर्ने (Moral Right हनन नहुने गरी), रङ्गमञ्चमा प्रस्तुतिको अधिकार, फिल्म उत्पादनको अधिकार, ध्वनिअङ्कनको अधिकार, टेलिभिजन प्रसारण र अनुवादको अधिकारजस्ता कुरा प्रतिलिपि अधिकारको प्रवर्द्धन र प्रत्यक्ष रूपले असर गर्ने क्षेत्र हुनाले

यस्ता कुरामा सम्झौता गर्दा सिर्जनाकार र व्यवसायी दुवै पक्षलाई अनुकूल हुने गरी सम्झौता गरिनुपर्दछ ।

- रचनाको सार खिच्ने, Newspaper/Periodical मा प्रकाशनपूर्व र पछि विज्ञापनमार्फत व्यापारिक प्रकाशन गर्ने, टेलिभिजन, रेडियोमार्फत रचनाको सार अथवा केही भाग प्रचार गर्ने, सङ्ग्रहबाट केही भाग झिकेर पछिल्लो पृष्ठमा राख्ने, विभिन्न साइजमा पुस्तक प्रकाशन गर्ने, माइक्रोफिल्म खिच्ने, Fair use का लागि Repographic Reproduction (फोटोकपी) का लागि Publisher लाई माध्यम बनाएर Record राख्न सकिने व्यवस्थालाई मान्यता दिने, फिल्म स्क्रिप्ट पुनः उत्पादन गर्न सकिने तथा ध्वनिअङ्कनको स्वरूपमा प्रकाशन गर्ने र नाम राख्ने कुरा रचनाकार र प्रकाशकबीच हुने सम्झौतामा नै उल्लेख गर्नुपर्दछ । यसो गर्दा बौद्धिक सिर्जनाले व्यावसायिकता प्राप्त गर्दछ र निर्विवादरूपमा अधिकारधनी र व्यवसायी दुवै लाभान्वित हुन्छन् ।

**अनुमति/सम्झौतापत्रमा समावेश गर्न सकिने मूलभूत विषयहरू :**

- **पक्षका बारेमा परिचय खुलाउनुपर्ने** : लिखित सम्झौतामा हस्ताक्षर गर्ने दुवै पक्ष (व्यक्ति वा संस्था) को स्थायी ठेगाना खुल्ने गरी नागरिकताको प्रमाणपत्र वा सरकारी निकाय वा सरकारद्वारा मान्यताप्राप्त संस्थाद्वारा प्रदान गरिएको दर्ता प्रमाणपत्रका आधारमा पहिचान गर्न सकिने हुनुपर्दछ ।
- **विषयवस्तुका बारेमा स्पष्ट उल्लेख हुनुपर्ने** : प्रतिलिपि अधिकार सिर्जना हुने वस्तु बनाउने, प्रयोग गर्ने, विक्री गर्ने आदि कुरा खुल्नुपर्दछ । त्यस्तै सम्झौता कार्यान्वयन गर्न अपनाइने प्रक्रिया र सम्झौताबाट हट्नुपर्ने अवस्थाका प्रक्रियाबारे सम्झौतामा उल्लेख हुनुपर्दछ ।
- **सीमाहरूका सम्बन्धमा किटानी हुनुपर्ने** : कुनै कुरा बनाउने विषयमा, विक्रीका विषयमा, प्रयोगका क्षेत्रका विषयमा र दाबी गर्न सक्नेलगायत विषयका सीमाहरू उल्लेख गरिनुपर्दछ । विक्री मूल्यका सीमाहरू, तेस्रो पक्ष समावेश हुँदा अधिकार बाँडफाँडको अवस्था र कस्तो अवस्थामा सम्झौता अवैध हुने भन्नेजस्ता सम्झौताका सीमाका अवस्थाहरूसमेत सम्झौतामा नै उल्लेख हुनुपर्दछ ।
- **पूर्णरूपमा प्रयोग गर्न सकिने गरी विषयवस्तु उल्लेख हुनुपर्ने** : उत्पादन गुणस्तरयुक्त हुन्छ भन्ने कुरालाई अनुमान गरेर प्रतिलिपि अधिकारयुक्त सिर्जनाको पूर्णरूपमा सकारात्मक सदुपयोग गर्न सकिने गरी प्रावधानहरू राखिनुपर्दछ । यसमा गुणस्तरका कुरा, उत्पादनको सङ्ख्या/मात्रा/परिमाण, अरूलाई केही अंश काम गर्न दिन सक्ने/नसक्ने कुरा, कुन उत्पादन प्रणाली प्रयोग गर्ने भन्ने कुरा, वितरणका Channel प्रयोग गर्ने कुरा, प्राविधिक हिसाबले पुष्ट्याइँ गर्न पूरक सम्झौता गर्नुपर्ने/नपर्ने विषय, खास किसिमका जानकारी गोप्य राख्नुपर्ने कुरा आदिबारे सम्झौतामा स्पष्ट हुनुपर्दछ । यस्ता व्यवस्थाले सिर्जनाको अधिकतम सदुपयोग गर्न सकिन्छ ।
- विवाद समाधानका संयन्त्रबारे उल्लेख हुनुपर्ने, सम्झौताका पक्षहरूबीच विवाद उठेमा मध्यस्थ, न्यायाधीश वा न्यायालयका माध्यमबाट विवाद समाधान गर्न सकिने कुरा निश्चित गरी सम्झौतामा उल्लेख गर्नु राम्रो हुन्छ ।
- समयावधिको उल्लेख हुनुपर्ने : सम्झौता कहिलेदेखि कहिलेसम्म लागू हुने, कहिले, कस्तो अवस्थामा अन्त हुने जस्ता अवस्था उल्लेख हुनुपर्दछ ।

**प्रतिलिपि अधिकारको संरक्षणका लागि रचनाको दर्ता गर्न आवश्यक पर्ने कागजात :**

कुनै प्रतिलिपि अधिकारयुक्त वस्तुको अधिकारधनीले आफ्नो अधिकारको संरक्षणका लागि रचनाको दर्ता गर्दा प्रतिलिपि अधिकार नियमावली, २०६१ को अनुसूची १ बमोजिम नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा रु. ५ को टिकट टाँसी निवेदन दिनुपर्ने व्यवस्था रहेको छ ।

त्यस्तो निवेदनमा देहायका कागजातहरू समावेश हुनुपर्नेछ :

- ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारण भए सोसम्बन्धी विवरण,
- रचना, ध्वनिअङ्कन, प्रस्तुति वा प्रसारणको स्वामित्व प्रमाणित गर्ने कागजात वा प्रमाण,
- निवेदकको राष्ट्रियता खुल्ने प्रमाणित कागजात,
- दर्ता गरिने रचना थान २,
- दर्ताका लागि राजस्व रु. १००।-,
- कुनै संस्थाको नाममा त्यस्तो रचनाको दर्ता गर्नुपर्ने भए त्यस्तो संस्था दर्ता भएको प्रमाणपत्रको फोटोकपी थान १ तथा सम्बन्धित रचनाकारको मन्जुरीपत्र,
- ध्वनिअङ्कनजन्य रचनाको दर्ताका सम्बन्धमा त्यस्तो रचनाको निर्माणमा संलग्न अन्य पक्षहरूको मन्जुरी वा हकहस्तान्तरणको कागजात र
- कम्प्युटर सफ्टवेयर दर्ता गर्नुपर्ने भए सफ्टवेयरको सिलबन्दी Source Code २ प्रति ।

दर्ताका लागि पेस भएको रचना दर्ता गर्न योग्य पाइएमा आवश्यक कागजातसहित निवेदन प्राप्त भएको मितिले ३५ दिनभित्र दर्ता गरी सम्बन्धित अधिकारधनी व्यक्ति वा संस्थालाई प्रमाणपत्र प्रदान गरिन्छ ।

सिर्जना दर्ताका लागि आवश्यक पर्ने फारम नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा निःशुल्क पाइन्छ । यसका साथै www.nepalcopyright.gov.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिन्छ ।